# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

प्रदेश नं. ५ नेपाल

मिति : २०७६।०४।२१

कार्यक्रम अधिकृत

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागी नगर प्रहरी र हलुका सवारी चालक आवश्यकता परेको हुँदा सेवा करारको लागी योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

१. विज्ञापन नं. :१।०७६।०७७

२. पदको नाम : (क) वरिष्ठ नगर प्रहरी (ख) नगर प्रहरी (ग) हलुका सवारी चालक

३. आवश्यक संख्या :(क) वरिष्ठ नगर प्रहरी १ जना (ख) नगर प्रहरी ९ जना (खुला- ६, महिला-२ र आ.ज.-१) (ग) हलुका सवारी चालक १ जना ।

४. दरखास्त दिने म्याद र स्थान : २०७६।०५।१९ गते सम्म, बर्दघाट नगरपालिकाको कार्यालय बर्दघाट नवलपरासी ।

५. दरखास्त दस्तुर : रु. १००।-

६. आवश्यक न्यूनतम योग्यता :

**क. बरिष्ठ नगर प्रहरीको लागी चाहिने न्यूनतम योग्यता :**

- नेपाली नागरिकता भएको ।
- २५ बर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको ।
- कम्तीमा एस.एल.सी परिक्षा उत्तीर्ण गरेको ।
- कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।
- शारीरीक रुपमा स्वस्थ रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।
- नेपाल प्रहरी वा शशस्त्र प्रहरी बल नेपाल वा नेपाली सेनामा कम्तीमा जुनियर अफिसर बाट अवकाश प्राप्त भएको हुनुपर्ने ।

**ख. नगर प्रहरीको लागी चाहिने न्युनतम योग्यता**

- नेपाली नागरिकता भएको ।
- १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । (महिलाको हकमा ४० बर्ष ननाघेको), अवकाश प्राप्त सुरक्षा कर्मीको हकमा ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।
- कम्तीमा ८ कक्षा उत्तीर्ण भएको ।
- पुरुषको हकमा शरिरको उचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५० के.जी. हुनुपर्ने, महिलाको हकमा शरीरको उचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के.जी. हुनुपर्ने ।
- कुनै प्रकारको गैरकानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।
- शारीरीक रुपमा स्वस्थ रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।

**ग. हलुका सवारी चालकको लागी आवश्यक न्यूनतम योग्यता :**

- नेपाली नागरिकता भएको ।
- हलुका सवारी चालक अनुमति प्रमाण पत्र प्राप्त गरको ।
- कम्तीमा ८ कक्षा उत्तीर्ण भएको ।
- शारीरीक रुपमा स्वस्थ रहेको/काम गर्न सक्ने प्रमाणित भएको ।
- कुनै प्रकारको गैर कानुनी कार्यमा संलग्नता नरहेको लिखित जानकारी दिनुपर्ने ।

७. पेश गर्नुपर्ने आवश्यक कागजातहरु : नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, वरिष्ठ नगर प्रहरीको हकमा अनुभवको प्रमाणपत्र, हालसालै खिचेको पासपोर्ट साईजको ३ प्रति फोटो, निरोगीकताको प्रमाणपत्र, हलुका सवारी चालकको हकमा सावरी चालक अनुमति प्रमाणपत्र समेत ।

८. परिक्षा विधि : अन्तरवार्ता ।

९. सम्पर्क मिति : २०७६।०५।२० गते ।

१०. परिक्षा मिति : सम्पर्क मितिमा तय गरिनेछ ।

११. परिक्षा आवेदन फर्म कार्यालयमा उपलब्ध गराईनेछ ।

१२. पारिश्रमिक तथा सेवा सुविधा : कार्यालयले तोके बमोजिम हुनेछ ।

नोट : विस्तृत जानकारीको लागी कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।